फुङलिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ

बिषय: बिज्ञापन कर सम्बन्धि ठेक्का प्रस्ताब आब्हान सम्बन्धमा।

प्रथम पटक प्रकाशित मिति: २०७५/०२/२८

यस नगरपालिकाले आ.ब.२०७५/७६ देखि (३ बर्ष) को लागि स्थानीय सरकार सचालन एंन २०७४ को दफा ६४ (१) ग अनुसार बिज्ञापन कर उठाउने सम्बन्धि ठेक्का का लागि प्रथम पटक यो ३० दिने सूचना आब्हान गरिएको छ । निम्न शर्तहरुको अधिनमा रही कर प्रस्ताब यस कार्यालयमा दर्ता गराउन हुन अनुरोध गरिएको छ ।

<u>शर्त तथा वन्देजहरु:</u>

- आ.ब.०७५/७६ को लागि न्युनतम रु.५०,०००/- (पचास हजार मात्र) कायम गरिएको छ । प्रस्ताब दाताले २०७५/७६ , ०७६/ ७७ र ०७७/७८ का लागि कति सम्म दिने हो सो प्रस्ताबमा खुलाउनु पर्ने छ ।
- प्रत्येक बर्ष वृद्धि हुने करको दर पनि प्रस्ताबमा स्पस्ट खुलाउनु पर्ने छ ।
- नेपाल सरकारवाट सार्वजनिक रुपले प्रतिबन्ध लागेका सूचना तथा बिज्ञापन राख्र पाईने छैन ।
- बिज्ञापन करको दर नगरसभाले तय गरे बमोजिम हुने छ ।
- बिज्ञापन कर प्रस्ताब सूचना प्रकासित भएको मितिले ३० औ दिन भित्र दर्ता गराई सक्नु पर्ने छ । उक्त प्रस्ताब ३१ औ दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ । खोल्ने समयमा प्रस्ताब दाता वा प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभएमा पनि कार्यालयको प्रतिनिधिको रोहवरमा प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
- ठेक्का स्वीकृत भए पछि तोकिएको म्याद भित्र सम्झौता गरी दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा दोश्रो प्रस्ताब दाताको प्रस्ताब स्वीकृत गर्ने वा नगर्ने, पुनः सूचना आब्हान गर्ने वा नगर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
- प्रस्ताब स्वीकृत भए पछि सम्झौता गर्नु भन्दा अगाडी कुल कवोल अंक वरावरको रकम को ५० प्रतिशतले हुने नगद यस नगरपालिकामा जम्मा गर्नु पर्ने छ ।
- यसमा लेखिएको शर्त तथा बन्देजमा यसै अनुसार र नलेखिएको कुराहरु प्रचलित एन नियम र सम्झौताको शर्त अनुसार गर्नु पर्ने छ । साथै अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

**फुङलिङ नगरपालिका**

ताप्लेजुङ